जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ४० २०८२ साल भदौ १८ गते बुधबार (3 Sep 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : अपाङ्गता भएका व्यक्तिको ... ३ पृष्ठमा : बिपी राजमार्ग : अवरुद्ध हुन... ३ पृष्ठमा : पञ्जाबमा विनाशकारी बाढी ...

## एकै वर्षमा सप्तरीबाट २१ हजार भन्दा बढी रोजगारीका लागि विदेशिए

**दैनिक समाचारदाता**
**राजविराज, १७ भदौ ।**

स्वदेशमा रोजगारीको अवसर सृजना हुन नसक्दा अहिले सयौं युवाहरु बैदेशिक रोजगारीका लागि दिनहुँ पलायन हुने क्रम बढ्दो छ । आफ्नै देशमा रोजगारीको अवसर नपाउँदा उनीहरुको आकर्षण वैदेशिक रोजगारतिर बढ्दै गएको हो ।

यसै क्रममा सप्तरीबाट वैदेशिक रोजगारमा जाने क्रम पनि बढ्दो छ । यहाँबाट मात्र एक बर्षमा २१ हजार भन्दा बढी युवा विदेशिएका छन् ।

आर्थिक वर्ष २०८१/०८२ को तथ्यांक हेर्दा नयाँ र पुनः श्रम स्वीकृति गरी जम्मा २१ हजार ७ सय ५८ जना सप्तरीवासी विभिन्न मुलुकमा वैदेशिक रोजगारीका लागि गएका हुन् ।

सुरक्षित आप्रवासन केन्द्र (सामी) का जिल्ला कार्यक्रम संयोजक राजेन्द्र यादवका अनुसार विदेश गएकाहरुमा १२ हजार ५ सय ९२ जनाले नयाँ श्रम स्वीकृति लिएको हो । त्यस मध्ये मध्ये १२ हजार ३ सय ६१ पुरुष र २ सय ३१ महिला छन् । सोही अवधिमा पुनः श्रम स्वीकृति लिनेको संख्या पनि कम छैन् ।

यस जिल्लाबाट ९ हजार १ सय ६६ जनाले पुनः श्रम स्वीकृती लिएर विदेशिएका छन् जसमा ८ हजार ९३ पुरुष र ७३ महिला रहेको सुरक्षित आप्रवासन केन्द्र (सामी) ले जनाएको छ ।

यस्तै, वैदेशिक रोजगारीका लागि जाने क्रममा राहदानी लिने मध्ये भने यस वर्ष केही कमी देखिएको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ ।

आर्थिक वर्ष २०८१/०८२ मा १२ हजार ४ सय ५४ जनाले जिल्ला प्रशासन कार्यालय सप्तरी मार्फत राहदानी लिएको सहायक प्रमुख जिल्ला अधिकारी रायबहादुर शाहीले जानकारी दिए ।

त्यस मध्ये ७ हजार १ सय १२ पुरुष र ५ हजार ३ सय ४२ महिला छन् । सो संख्यामा नाबालक तथा बालबालिकासमेत समावेश रहेको उनले बताए ।

आर्थिक वर्षमा २०८०/०८१ मा भने १४ हजार जनाले राहदानी लिएका थिए । यस वर्षको संख्या अघिल्लो वर्षको तुलनामा केही घटेको जिल्ला प्रशासन कार्यालय सप्तरीको तथ्याङ्कले देखाएको छ ।

## मधेश प्रदेशबाट जाने राजश्वको कम्तिमा ३५ प्रतिशत बजेट मधेशले पाउनुपर्छ : लोसपा अध्यक्ष ठाकुर



**दैनिक समाचारदाता**
**राजविराज, १७ भदौ ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले मधेश प्रदेशबाट जाने राजश्वको कम्तिमा ३५ प्रतिशत बजेट मधेशले पाउनुपर्ने बताएका छन् ।

राजविराजमा मंगलबार लोसपा सप्तरीले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष ठाकुरले मधेशबाट उठ्ने राजश्वको २० प्रतिशत पनि मधेशमा अहिले सम्म नआएको बताए । उनले भने, "जनसंख्याको आधारमा बजेट बाँडफाँड हुनुपर्छ, मधेश प्रदेशबाट जाने राजश्वको कम्तिमा ३५ प्रतिशत बजेट मधेशले पाउनुपर्छ ।"

मधेशको सुख्खाग्रस्त क्षेत्रको अवलोकन गर्न प्रधानमन्त्रीसंगै आफुपनि रहेकोले सोही बेला उनले गरेको घोषणा अझै कार्यान्वयन नभएकोप्रति असन्तुष्टि समेत व्यक्त गरे । प्रधानमन्त्रीले मधेशमा पाँच सय डिप बोरिङ दिने घोषणा गरेर पनि अहिले सम्म नदिएको प्रति असन्तुष्टि व्यक्त गरेका छन् ।

सरकारमै रहेर शान्तिपुर्ण आन्दोलनमा पनि रहेको बताउँदै उनले अन्नको भण्डार मधेशमा भएको खडेरी र खानेपनी समस्याबारे सरकार र सदनमा पनि आवाज उठाउने काम आफूले गरिरहेको जानकारी दिए ।

केन्द्रमा भएको सत्ता गठबन्धनबीचको सहमति अनुसार मधेश प्रदेशमा मधेशी दलले नै सरकार बनाउने हुँदा अब नेतृत्व गर्ने पालो लोसपाको रहेको उनको दावी छ । उनले भने, "मधेश प्रदेशमा मधेशी दलहरुले साढे सात वर्षदेखि सरकारको नेतृत्व गरिसकेकोले अब नेतृत्व गर्ने पालो हाम्रो हो ।"

अध्यक्ष ठाकुरले अहिले तत्कालै मधेश प्रदेशमा सरकार परिवर्तनको सम्भावना नरहे पनि रुपन्देहीको उपचुनाव पछि परिवर्तनको सम्भावना रहेको बताए ।

उनले केन्द्रमा दुई ठुला दलको बहुमतको सरकार रहेकोले २०८४ सम्म चल्ने बताउँदै लोसपा सरकारमा रहेरै जनताको पक्षमा काम गर्ने स्पष्ट समेत पारे ।

राजविराजमा बुधबार आयोजना हुने संघीय

*बाँकी अन्तिम पृष्ठमा*

## भु-माफियालाई लाभ पुऱ्याउन गरि भूमी विधेयक ल्याइदैछ : अध्यक्ष त्रिपाठी



**दैनिक समाचारदाता**
**राजविराज, १७ भदौ ।**

जनता प्रगतिशिल पार्टी नेपालका अध्यक्ष हृदेयश त्रिपाठीले सरकारले भु-माफियालाई लाभ पुऱ्याउन गरि भूमी विधेयक ल्याउने तयारी गरेको आरोप लगाएका छन् ।

मंगलबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि उनले यस्तो आरोप लगाएका हुन् । उनले अव्यवस्थित बसोवासी र सुकुम्वासीलाई ध्यानमा राखी ल्याउन लागिएको भनिएको भूमि विधेयकले समस्या समाधान नगर्ने भन्दै विधेयक पास भएमा तराई मधेशमा मरभूमीको खतरा बढ्ने समेत बताए ।

बुधबार राजविराजमा आयोजन हुन लागेको संघीय लोकतान्त्रिक मोर्चाको जनजागरण अभियान कार्यक्रमलाई सम्बोधन गर्न मंगलबार राजविराज आइपुगेका उनले पत्रकार सम्मेलनमा सरकारले ल्याएको भूमी विधेयक पास भए भु-माफियाहरुलाई नै फाइदा हुने दाबी पनि गरे ।

विधेयक पास भएमा चुरे माथीको अतिक्रमण अझ बढ्ने र चुरे विनासले भूमिगत जलस्तरको पुर्नभरण प्रभावित हुदा मधेशका जिल्लाहरुमा जल संकट बढेर जाने उनले बताए ।

सरकारले दाबी गरे अनुसार विधेयकले भूमि सम्बन्धी समस्या समाधान नगर्ने दाबीका साथ उनले भूमि समस्या समाधानका नाममा हुने चलखेल आफूहरुलाई स्वीकार्य नरहेको स्पष्ट पारे ।

**चराचुरुङ्गीको संरक्षण गरौं**

चराचुरुङ्गीले:
- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरुले किरा-फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पुऱ्याउँछ,
- खेतीपातीमा बिषादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरू बिभिन्न स्थानमा फाली नयाँ बोटबिरुवा उम्रनमा सहयोग पुऱ्याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई बातावरण सफा राख्न मद्दत पुऱ्याउँछ,
- चिरबिर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पुऱ्याउँछ,
- जैविक बिबिधता बुझ्न, मौसम परिबर्तनको संकेत थाहा पाउन र बातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा बृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पुऱ्याउँछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### पोखरीमा डुब्ने घटनाप्रति सतर्कता आवश्यक

हरेक वर्ष नेपालमा पोखरी, नदी, खोल्सा वा नहरमा डुबेर मृत्यु हुने घटनाहरू बढ्दो छ। विशेषगरी ग्रामीण क्षेत्रमा सहजै पानी खेल्न जाने, पौडी खेल्ने वा नुहाउने क्रममा यस किसिमका दुःखद दुर्घटना हुने गरेका छन्। पछिल्लो समय बालबालिका तथा किशोर-किशोरीहरू बढी पीडित हुने गरेको तथ्यांकले देखाउँछ। यी घटनाहरू केवल व्यक्तिगत दुर्घटना मात्र होइनन्, यसले सामाजिक चेतना र सुरक्षात्मक उपायको कमीलाई पनि उजागर गर्छ। धेरै ठाउँमा पोखरीहरू असुरक्षित अवस्थामा छ। घेराबार छैन, चेतावनी बोर्ड राखिएका छैनन्, न त नजिकै तत्काल उद्धार गर्ने संयन्त्र नै छ।

यसरी आवश्यक सावधानी नअपनाउँदा एक क्षणको लापरवाहीले जीवन गुमाउने अवस्था सिर्जना हुन्छ। यस्तो दुर्घटना रोकथामका लागि परिवार, विद्यालय, समुदाय र स्थानीय सरकार सबै सचेत बन्नु जरुरी छ। अभिभावकहरूले बालबालिकालाई बिना सुरक्षा पानीमा नजान प्रष्ट रूपमा सचेत गराउनुपर्छ।

विद्यालयहरूले विद्यार्थीलाई पानीसँग सम्बन्धित सुरक्षा शिक्षा, स्थानीय तहहरूले सार्वजनिक पोखरी, इनार, नहर आदिलाई सुरक्षित बनाउन घेराबार गर्ने, चेतावनी बोर्ड राख्ने र आपतकालीन उद्धार उपकरण उपलब्ध गराउने कार्य प्राथमिकतामा राख्नुपर्छ। तसर्थ समाज र पालिका दुवै तहबाट जिम्मेवारीपूर्वक प्रयास गरिएमा पोखरीमा डुबेर हुने मृत्यु जस्ता दुःखद घटना धेरै हदसम्म रोक्न सकिन्छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्दै गण्डकी प्रदेश

**जमुना वर्षा शर्मा**
पोखरा, १७ भदौ (रासस)।

गण्डकी प्रदेशसभाले अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्ने विशेष ऐन पारित गरेसँगै सम्बन्धित व्यक्ति र सरोकारवालाई उत्साहित बनाएको छ। यससँगै दया वा सहानुभूतिमा सीमित भएर हेर्ने पुरानो दृष्टिकोणलाई तोड्दै समान अवसर, आत्मसम्मान र सशक्तीकरणको नयाँ युग सुरु भएको सरोकारवालाको विश्वास छ।

पोखराको शहिदचोकमा यही भदौ ३ गतेको साँझको माहौल अलि फरक थियो। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक गण्डकी प्रदेशसभाबाट पारित भएसँगै अपाङ्गता अवस्था भोगिरहनु भएका र यस क्षेत्रमा काम गर्न सरोकारवाला र अधिकारकर्मीहरुलाई उत्साहित बनाएको थियो।

"अपाङ्गताको अधिकारका लागि हामी निरन्तर लडिरहेका थियौं, अन्ततः गण्डकी प्रदेश सरकारले अपाङ्गता अधिकारसम्बन्धी विधेयक पारित गरेको छ," अपाङ्गता महिला सशक्तीकरण केन्द्रकी अध्यक्ष अन्जना केसीले भन्नुभयो। उहाँका अनुसार अब गण्डकी प्रदेशका अपाङ्गता भएका नागरिकले समान अवसर र सम्मानजनक जीवनको नयाँ कानुनी बाटो पाउनेछन्। "अपाङ्गता भएका नागरिकको अधिकारका लागि गरिएको अथक सङ्घर्षको विजयोत्सवका रूपमा हामीले दीप प्रज्ज्वलन गरेर खुसी साटेका हौँ," उहाँले थप्नुभयो।

यससँगै गण्डकी प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी कानुन बनाउने नेपालको पहिलो प्रदेशसमेत बनेको छ। केसीका अनुसार यस विधेयकले गण्डकी प्रदेशका अपाङ्गता भएका नागरिकको जीवनमा महत्वपूर्ण परिवर्तन ल्याउने अपेक्षा गरिएको छ। "धेरै लामो समयदेखि अपाङ्गता भएका व्यक्तिले समाजमा विभेद, असमानता र पहुँचको अभावजस्ता चुनौतीको सामना गर्दै आएका थिए। अब यसले सार्वजनिक स्थलमा सहज पहुँच, शिक्षा, सेवा र रोजगारीमा अवसरको साथै सामान्य सामाजिक गतिविधिसमेतमा सहभागिता बढाउने अपेक्षा गरेका छौँ," उहाँले भन्नुभयो।

नेपालको संविधानले सबै नागरिकलाई समान अधिकारको प्रत्याभूति गरे पनि अपाङ्गता भएका व्यक्तिका लागि विशेष कानुनी संरचना र प्रभावकारी कार्यान्वयनको अभाव विगतदेखि खट्किँदै आएको अवस्थामा गण्डकी प्रदेशले पारित गरेको विधेयकलाई अर्थपूर्ण र स्वागतयोग्य कदमका रूपमा लिइएको छ। राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल, गण्डकी प्रदेशका अध्यक्ष खोमराज शर्माले भन्नुभयो, "विधेयक चाहेजस्तो पूर्ण नहोला, तर जुन प्रयास भएको छ, यो निकै ठूलो उपलब्धि हो। नियमावली बनेर कार्यान्वयन तत्काल सुरु हुन्छ भन्ने हाम्रो पूर्ण विश्वास छ।"

शर्माका अनुसार, यो ऐनले अपाङ्गता भएका व्यक्तिको अधिकारलाई थप सुदृढ पार्दै सामाजिक न्यायको स्थापनामा महत्वपूर्ण योगदान गर्नेछ। तर अपेक्षित परिणाम दिनका लागि केवल कानुनी प्रावधान मात्र पर्याप्त नभई स्पष्ट नियमावली निर्माण, प्रभावकारी कार्यान्वयन र निरन्तर अनुगमन अपरिहार्य हुने उहाँको भनाइ छ।

गण्डकी प्रदेशले अपाङ्गतासम्बन्धी नीति २०७९ भदौमा बनाएको थियो र २०८२ भदौमा विधेयक पारित गर्दै सङ्घीयता कार्यान्वयनमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। "प्रदेश सरकार स्थापनादेखि नै अपाङ्गता लक्षित कार्यक्रमलाई स्थानीय तहसम्म सशक्तिकरण र उत्तरदायित्वसहित सञ्चालन गर्न ठोस नीति र कानुनको माग रहँदै आएको थियो। यस विधेयकले पहुँचयुक्तता, समावेशीता र सशक्तीकरणलाई प्राथमिकता दिन सफल भएको छ," शर्माले स्पष्ट पार्नुभयो। उहाँका अनुसार यातायात सञ्चालनको अनुमति पत्र प्रदान गर्ने जस्ता सङ्घीय ऐनमा नभएका विशेष प्रावधानलाई पनि समेटिनु यस ऐनको सकारात्मक पक्ष हो। तर, उहाँले थप्नुभयो, "ऐन पारित हुनु महत्वपूर्ण हो, तर प्रभावकारी कार्यान्वयनका लागि स्रोत, संरचना र स्थानीय कार्ययोजनामा विशेष ध्यान दिनुपर्छ। यसका लागि कर्मचारी र जनप्रतिनिधिलाई आवश्यक तालिम अनिवार्य छ।"

शर्माले मन्त्रालयभित्र अपाङ्गता अधिकारसम्बन्धी छुट्टै शाखा नहुनु र कार्यकारी उपाध्यक्षमा अपाङ्गता भएका व्यक्तिको अनिवार्य व्यवस्था नसमेटिनुले कार्यान्वयनमा चुनौती थपिने बताउनुभयो। तथापि, यो विधेयकले गण्डकीलाई अपाङ्गता समावेशी नीतिमा अगुवा बनाएको र बजेट तथा कार्ययोजनाले यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सक्ने सम्भावना रहेको उहाँको भनाइ छ।

प्रदेश सरकारले चालु आर्थिक वर्षमै ऐन कार्यान्वयनका लागि ४५ लाख रुपैयाँ छुट्याउने प्रस्ताव गरेको जानकारी दिँदै शर्माले यसले कार्यविधि निर्माण र कार्यान्वयनमा आशा जगाएको बताउनुभयो। २०७८ सालको जनगणनाअनुसार गण्डकी प्रदेशमा करिब ७३ हजार अपाङ्गता भएका व्यक्ति रहेका छन्। तर शैक्षिक, रोजगारी, आर्थिक र सामाजिक अवस्थाको खण्डीकृत तथ्याङ्क अभावमा लक्षित कार्यक्रम प्रभावकारी बनाउन चुनौती रहेको भन्दै उहाँले आगामी दिनमा यी सबै पक्षलाई समेटेर अघि बढ्न सुझाव दिनुभयो।

अपाङ्गताको क्षेत्रबाट प्रतिनिधित्व गर्ने गण्डकी प्रदेशसभा सदस्य सुनिता थापाले पारित विधेयकलाई आफ्नो सपना र सङ्घर्षको बकानुनी कागज मात्र होइन, आफ्नै जीवनको पीडा, सङ्घर्ष र सपनाको अभिलेख हो। स्वयं अपाङ्गता भएको व्यक्तिको हैसियतले मैले अवसर नपाउँदा क्षमता कसरी दबिन्छ, अधिकार नपाउँदा आत्मसम्मान कसरी घाइते हुन्छ भन्ने भोगेकी छु।" थापाले गण्डकी प्रदेशसभाले पारित गरेको "अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी विधेयक"लाई ऐतिहासिक र जीवन्त कदमका रूपमा व्याख्या गर्नुभयो।

उहाँका अनुसार, यसले अपाङ्गतालाई दया वा सहयोगको दृष्टिभन्दा माथि उठाएर अधिकार र समान अवसरको आधारमा सम्बोधन गरेको छ। शिक्षा, रोजगारी, स्वास्थ्य, यातायातदेखि लिएर आत्मनिर्भर जीवन बाँच्न पाउने हकसम्म कानुनी सुनिश्चितता दिएको थापाको भनाइ छ। "मलाई विश्वास छ, यो विधेयक कार्यान्वयनमा आयो भने अपाङ्गता भएका व्यक्ति 'भार' होइनन्, बरु समाजका उत्पादनशील, सिर्जनशील र सम्मानित अङ्गका रूपमा अझ स्पष्ट देखिनेछन्। यो हाम्रो सामूहिक भविष्यको आधार हो," उहाँले भन्नुभयो।

थापाले थप स्पष्ट पार्दै भन्नुभयो, "अपाङ्गता कुनै निश्चित समूहमा सीमित हुने अवस्था होइन। अपाङ्गता जुनसुकै बेला, जुनसुकै व्यक्तिलाई आइपर्न सक्छ। त्यसैले यो विधेयक हाम्रो मात्र होइन, समग्र समाजकै सुरक्षा कवच हो।" उहाँका अनुसार विधेयक केवल हकअधिकार सुनिश्चित गर्ने कानुन मात्र नभई सामाजिक चेतना र व्यवहारमै परिवर्तन ल्याउने सेतु हो। "हामी अहिले कानुन बनाउँदैछौँ, तर वास्तवमा हामी एउटा यस्तो समाजको जग बसाल्दैछौँ, जहाँ अपाङ्गता भएका नागरिकलाई दया होइन, अधिकारका आधारमा सम्मान दिइनेछ", थापाले जोड दिनुभयो।

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री बिन्दुकुमार थापाले अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्ने विधेयकलाई ऐतिहासिक कदमको संज्ञा दिनुभयो। उहाँले भन्नुभयो, "अपाङ्गता भएका व्यक्तिमाथि हुने विभेद, असमानता र उत्पीडनको अन्त्य गर्दै उनीहरूको अधिकार, सम्मान र सशक्तीकरण सुनिश्चित गर्ने उद्देश्यले यो विधेयक ल्याइएको हो। यसले नीति निर्माणदेखि विकासका सबै प्रक्रियामा अपाङ्गता भएका व्यक्तिको प्रभावकारी सहभागिता सुनिश्चित गर्दै पूर्ण मानवअधिकारको प्रत्याभूत गर्ने विश्वास दिलाउँछ।"

मन्त्री थापाले यस ऐनले अपाङ्गता भएका नागरिकलाई समाजको बोझ नभई समाज निर्माणका महत्वपूर्ण साझेदारका रूपमा स्वीकार गर्ने दृष्टिकोण प्रस्तुत गरेको बताउनुभयो। "मानवअधिकारको रक्षा, आत्मसम्मानको सुनिश्चितता र सशक्तिकरण हाम्रो मुख्य उद्देश्य हो।" थापाका अनुसार विधेयकमा अपाङ्गताको विविधतालाई ध्यानमा राख्दै १० प्रकारका अपाङ्गतालाई समेटिएको छ, ताकि कुनै पनि नागरिकले आफूलाई राज्यबाट उपेक्षित वा बहिष्कृत महसुस नगरोस्। यस कानुनले शिक्षा, स्वास्थ्य, रोजगारी, सीप विकास, पहुँच र सामाजिक न्यायका क्षेत्रमा समान अवसर सुनिश्चित गर्नेछ। "आज हामीले सुरु गरेको यो कदमले अपाङ्गता भएका व्यक्तिलाई केवल सहानुभूतिका आधारमा होइन, अधिकार र क्षमताका आधारमा सम्मान गर्ने नयाँ संस्कारको सुरुवात गर्नेछ।"

उहाँले अपाङ्गता भएका व्यक्तिको हकहित सुनिश्चित गर्न गठन गरिएको निर्देशन समितिमा दश प्रकारका अपाङ्गताको प्रतिनिधित्व सुनिश्चित गरिएको र यसका लागि एक करोड रुपैयाँ बजेट छुट्याइएको पनि जानकारी दिनुभयो। साथै, कार्यविधि र नियमावली कार्यान्वयनका लागि हाल रु ४५ लाख विनियोजित गरिएको छ। समितिले ऐन कार्यान्वयनको क्रममा कमी-कमजोरी क्रमशःसुधार गर्दै लैजाने छ।

हाल निर्देशन समितिको कार्यकारी उपाध्यक्षमा अपाङ्गता भएका व्यक्ति हुनुपर्ने विषयमा छलफल भए पनि ऐनमा यो व्यवस्था समावेश छैन। तर भविष्यमा यसलाई समेट्ने योजना रहेको मन्त्री थापाले बताउनुभयो। उहाँले थप्नुभयो, "हाल खण्डीकृत तथ्याङ्क उपलब्ध नभएकाले अब प्रत्येक स्थानीय तहमा अपाङ्गताको प्रकार र अवस्थाअनुसार विस्तृत तथ्याङ्क सङ्कलन गर्नुपर्ने नीति बनाइएको छ। रोजगारी, शिक्षा, स्वास्थ्य र द्वन्द्वपीडित व्यक्तिलाई विशेष प्राथमिकता दिँदै समावेशी नीति अघि बढाइनेछ।" ऐन छिट्टै राजपत्रमा प्रकाशित भएपछि पूर्ण कार्यान्वयनमा आउने मन्त्री थापाको भनाइ छ। ऐनमा अपाङ्गता भएका व्यक्तिको जीवनस्तर उकास्ने गरी सवारी चालक अनुमति पत्रमा सहजता, दिवा सेवा केन्द्रको स्थापना, साङ्केतिक भाषाको विकास, आवासीय शिक्षा र प्राकृतिक प्रकोपमा विशेष प्राथमिकताजस्ता महत्वपूर्ण प्रावधान समावेश छन्। यी प्रावधानले अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण र आत्मनिर्भरता अभिमुखी कदमलाई बल पुऱ्याउनेछन्।

नेपालको संविधानले समानताको हक, शिक्षाको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हकअन्तर्गत अपाङ्गता भएका व्यक्तिलाई विशेष अधिकार प्रदान गरेको छ। गण्डकी प्रदेशको यो विधेयकले संविधानको मर्मलाई आत्मसात् गर्दै अपाङ्गता भएका व्यक्तिको अधिकार स्थापित गर्ने दिशामा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। यस विधेयकको सफल कार्यान्वयनले गण्डकी प्रदेशलाई समावेशी समाज निर्माणमा एक उदाहरणीय प्रदेशको रूपमा स्थापित गर्नेछ।

# बिपी राजमार्ग : अवरुद्ध हुन नदिन पुनः मर्मत गरिँदै

काभ्रेपलाञ्चोक, १७ भदौ (रासस) ।

बिपी राजमार्गमा आसन्न चाडबाडमा अवरुद्ध हुन नदिन पुनः मर्मत गरिने भएको छ । हालको मनसुनमासमेत अवरुद्ध हुन नदिइएको उक्त राजमार्गको क्षतिग्रस्त सडक दुई हप्ताभित्र पुनः मर्मत गरिसक्ने भक्तपुर डिभिजन सडक कार्यालयले जनाएको छ । करिब एक वर्षअघिको बाढीपहिरोले क्षतिविक्षत बनाएपछि अस्थायी निर्माण गरी राजमार्ग सञ्चालन भइरहेको कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले जानकारी दिनुभयो ।

कार्यालयले बाढीपहिरोपश्चात पहिलाकोभन्दा केही फिट उचाइमा अस्थायी फिलिङ गरी यातायात सञ्चालनार्थ निर्माण गरिएको सडक हालको वर्षामा क्षति हुन नदिन सतर्कता अपनाउँदै 'इक्युपमेन्ट' र संरचना निर्माण गरेको जनाएको छ । बाढीले क्षति गर्नसक्ने काभ्रेपलाञ्चोकतर्फको चौकीडाँडा, कटुञ्जेबेँसी, मङ्गलटार र मामतीमा हुनसक्ने क्षति रोक्न ग्याबियन जालीको पर्खाल लगाइएको र सडक अवरुद्ध भइहाले पन्छाउन ठूला बोल्डर तयारी अवस्थामा राखिएको थियो । कार्यालयले वर्षायाममा बाढीपहिरोका कारण हुनसक्ने राजमार्ग अवरुद्ध तत्काल हटाउन सडक पुनर्निर्माणका लागि ठेक्का लागेको सडकखण्डमा निर्माण व्यवसायीको १५-१५ वटा उपकरणका साथै डिभिजनले डोजर, टिपर, लोडरलगायत सात उपकरण तयारी अवस्थामा राखिएको कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर योगेशले बताउनुभयो ।

विसं २०८१ असोजको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गअन्तर्गत २९ किलोमिटर सडकलाई चार खण्डमा पुनर्निर्माण गर्नेगरी प्रक्रिया अघि बढाएको छ । बाढीपहिराले आठ किलोमिटर सडक पूरै बगाएको थियो । क्षतिग्रस्त बिपी राजमार्गको पुनर्निर्माणका लागि काभ्रेपलाञ्चोक क्षेत्रमा तीन खण्ड र सिन्धुलीतर्फ एक खण्डमा दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित काम हुने भएको हो ।

उक्त सडकखण्ड क्षतिग्रस्त भएपछि गत सालको दसैँमा त्यसमार्ग भएर पूर्वतर्फ घर जान चाहनेहरूले वैकल्पिक मार्ग प्रयोग गरे । "यो मनसुनमा राजमार्ग अवरुद्ध हुन दिइएन, अब दसैँलगायत चाडपर्वमा अवरुद्ध हुन नदिन पुनः मर्मत थाल्दैछौँ", योगेशले भन्नुभयो । उहाँका अनुसार बाढीपहिरो आए निर्माण व्यवसायीले खुलाउनेछन् । यसका लागि ठेक्का लागेका व्यवयासी मेसिन लिएर बाढीपहिरो आए सडक खुलाउन तैनाथ रहेको योगशेको भनाइ छ । चाडवाडलाई मध्यनजर गर्दै खाल्डाखुल्डी पुर्दै सडक सुधार गर्ने योजना रहेको जनाइएको छ ।

उक्त राजमार्गमा भदौ १६ गतेदेखि थप १५ दिन सवारी सञ्चालनमा रोक लगाइएको छ । जोखिमका कारण गत असार ७ गतेदेखि राति सवारी सञ्चालनमा रोक लगाउँदै आइएकामा भदौ मसान्तसम्म रातको समयमा १२ घण्टा रोक लगाइएको काभ्रेपलाञ्चोक जिल्ला प्रशासन कार्यालयले जनाएको छ । जिल्ला सुरक्षा समितिको आइतबार सम्पन्न बैठकले उक्त राजमार्गमा साँझ ५:०० देखि बिहान ५:०० बजेसम्म राजमार्गमा यात्रुवाहक तथा निजी सवारी सञ्चालनमा रोक लगाउने निर्णय गरेको हो । कार्यालयले उक्त राजमार्गअन्तर्गत जिल्लाको काभ्रेभञ्ज्याङबाट सिन्धुली-सीमा नेपालथोकसम्म थप १५ दिन रोक लगाइएको जनाएको छ ।

हाल दैनिक करिब तीन हजार सवारीसाधन आवतजावत गर्ने उक्त राजमार्गमा चाडवाडका बखत तेब्बर सवारीसाधन ओहोरदोहोर गर्छन् । उक्त राजमार्ग दुई वर्षमा पुनर्निर्माणको लागि हाल काभ्रेपलाञ्चोकतर्फ दुई र सिन्धुलीतर्फ एक गरी तीन प्याकेज बनाएर ठेक्का सम्झौता गरिएको छ । स्थायी निर्माणको काम भने मनसुन बाहिरिएपछि मात्र सुरु हुने जनाइएको छ । क्षतिग्रस्त राजमार्गको पाँच किमी सडकखण्डमा जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले काम गर्नेछ । जाइकाले पिप्लेबाट बर्खे खोलासम्म तीन दशमलव दुई किमी सडक निर्माण गर्नेछ । त्यसका लागि फाइनल सर्भेको काम सकिएको छ । ठेक्का सम्झौता नहुन्जेल यस खण्डको मर्मतसम्भारको काम कार्यालयअन्तर्गत नै हुने योगेशले बताउनुभयो । यस राजमार्ग हाल इन्टरमिडियट लेनको छ भने अब दुई लेनको निर्माण हुने भएको हो ।

सरकारले क्षतिग्रस्त बिपी राजमार्गको स्थायी निर्माण र मर्मतका लागि भक्तपुर सडक डिभिजनलाई रु सात अर्ब ५० करोड र सिन्धुलीको खुर्कोट सडकखण्डलाई रु एक अर्ब उपलब्ध गराएको छ ।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ बाट बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास एक सय ६० किमी सडक) निर्माणकार्य सुरु गरिएको थियो । खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको २०७२ साल असार १८ गते औपचारिक रूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । उक्त राजमार्ग केन्द्रीय राजधानी काठमाडौँलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रूपमा लिइएको छ ।

# विधायन व्यवस्थापन समितिमा अनिवार्य अवकाश सम्बन्धी व्यवस्थामा सहमति

काठमाडौँ, १७ भदौ (रासस) ।

राष्ट्रियसभाअन्तर्गतको विधायन व्यवस्थापन समितिले प्रतिनिधिसभाले पास गरेअनुसार नै राष्ट्रसेवक कर्मचारीको अनिवार्य अवकाशसम्बन्धी व्यवस्था टुङ्ग्याएको छ ।

मंगलबार सिंहदरबारमा बसेको सो समितिको बैठकमा सङ्घीय निजामती सेवा विधेयक, २०८० माथिको छलफलका क्रममा यसअघि नमिलेको अनिवार्य अवकाशसम्बन्धी प्रावधानलाई तीन चरणमा व्यवस्थापन गर्ने गर्नेगरी सहमति भएको हो ।

विधायन व्यवस्थापन समितिमा भएको सहमतिअनुसार सो विधेयक पास भई कानुन कार्यान्वयन भएको वर्ष ५८, त्यसपछि ५९ र तेस्रो वर्षदेखि ६० वर्षमा कर्मचारीले उमेरहदका कारण अनिवार्य अवकाश पाउनेछन् ।

दुवै सदनबाट सो विधेयक पारित भएमा ५८ वर्ष पुगेका कर्मचारी यसै वर्ष र त्यसपछि क्रमशः ५९ र ६० वर्षीय प्रावधानअन्तर्गत उमेरहदका कारण सेवानिवृत्त हुनेछन् ।

विधायन व्यवस्थापन समितिबाट सहमति भएको सो विधेयकलाई राष्ट्रियसभा र प्रतिनिधिसभाले पारित गरी राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि मात्र ऐनका रूपमा आई कार्यान्वयनमा जाने कानुनी व्यवस्था रहेको छ ।



जनहीतका लागि : महादेवा गाउँपालिका, सप्तरी

## विश्व समाचार

### पञ्जाबमा विनाशकारी बाढी : हजारौँ गाउँ डुबानमा, जनधनको ठूलो क्षति

अमृतसर (भारत), १७ भदौ (रासस/एएफपी) ।

भारतको पञ्जाब राज्यका करिब एक हजार गाउँ विनाशकारी बाढीमा डुबानमा परेका छन् । बाढीका कारण हजारौँ मानिस राहत शिविरमा शरण लिन बाध्य भएको सरकारी अधिकारीहरूले जनाएका छन् । उत्तरपश्चिमी यो राज्यमा आएको बाढीले हालसम्म कम्तीमा २९ जनाको ज्यान लिएको छ भने गत महिना मात्रै दुई लाख ५० हजारभन्दा बढी मानिस प्रभावित भएका थिए । पञ्जाबका मुख्यमन्त्रीले यसलाई 'दशकौँमा आएको सबैभन्दा भीषण बाढी' को रूपमा चित्रण गरेका छन् ।

भारतको 'ब्रेडबास्केट' भनेर चिनिने यस क्षेत्रमा नौ सय ४० वर्गकिलोमिटर (तीन सय ६० वर्गमाइल) भन्दा बढी खेतीयोग्य जमिन डुबानमा परेको छ । यसले 'विनाशकारी बाली क्षति' निम्त्याएको मुख्यमन्त्री भगवन्त मानले प्रधानमन्त्री नरेन्द्र मोदीलाई लेखेको पत्रमा उल्लेख गरिएको छ । प्रधानमन्त्री मोदीले सोमबार मुख्यमन्त्रीलाई सङ्घीय सरकारको 'पूर्ण सहयोग' रहने आश्वासन दिनुभएको छ ।

अधिकारीहरूले गाईवस्तुको ठूलो सङ्ख्यामा क्षति हुने आशङ्का व्यक्त गरेका छन् । तर यसबारे स्पष्ट विवरण पानी घटेपछि मात्र पत्ता लाग्ने जनाइएको छ । सोमबार ढिलो राज्य अधिकारीहरूले सार्वजनिक गरेको बुलेटिनमा यो कुरा उल्लेख गरिएको हो । फसेका मानिसहरूको उद्धार तथा खाद्यान्न आपूर्ति गर्न भारतको सेना र विपद् व्यवस्थापन टोलीले एक हजारभन्दा बढी डुङ्गा र ३० वटा हेलिकप्टर परिचालन गर्दै विशाल उद्धार अभियान चलाइरहेका छन् ।

"सबैभन्दा महत्त्वपूर्ण कुरा पानीमा फसेका मानिस र असहाय जनावरको ज्यान बचाउनु हो", मुख्यमन्त्री मानले विज्ञप्तिमा भन्नुभएको छ । यस क्षेत्रका नदीहरू पाकिस्तानतर्फ बगेका कारण त्यहाँ पनि बाढीले ठूलो जमिन डुबानमा परेको छ । यस उपमहाद्वीपमा जुनदेखि सेप्टेम्बरसम्मको मनसुनी समयमा बाढी र भूस्खलन सामान्य भए पनि जलवायु परिवर्तन र अव्यवस्थित विकासका कारण तिनको आवृत्ति, तीव्रता र प्रभाव बढिरहेको विज्ञहरू बताउँछन् ।

राष्ट्रिय मौसम विभागका अनुसार यस वर्ष उत्तरपश्चिम भारतमा जुनदेखि सेप्टेम्बरसम्म औसत वर्षातभन्दा एक तिहाइ बढी वर्षा भएको छ । राजधानी दिल्लीमा निरन्तर वर्षाका कारण यमुना नदीले खतराको तह पार गरेको छ । यसले सहरका धेरै क्षेत्र डुबानमा परेका छन् र घण्टौँसम्म भीषण ट्राफिक जाम भएको छ । गत महिना जम्मू-कश्मीरमा कीर्तिमानी वर्षासँगै आएको घातक बाढीले पनि दर्जनौँको ज्यान लिएको थियो ।

### रुसमा तैनाथ उत्तर कोरियाली सेनामा ठूलो क्षति : करिब दुई हजार सैनिक मारिएको सियोलको दाबी

सियोल, १७ भदौ (रासस/एएफपी) ।

युक्रेनसँगको युद्धमा रुसलाई सहयोग गर्न पठाइएका करिब दुई हजार उत्तर कोरियाली सैनिक मारिएको अनुमान गरिएको सियोलको गुप्तचर निकायले मङ्गलबार जानकारी दिएको छ । सियोलको नेसनल इन्टेलिजेन्स सर्भिस (एनआइएस) ले गत अप्रिलमा 'युद्धमा मारिएका सैनिकहरूको सङ्ख्या कम्तीमा छ सय थियो' भन्ने तथ्याङ्क प्रस्तुत गरेको थियो । तर ताजा मूल्याङ्कनअनुसार अब मृतकको सङ्ख्या करिब दुई हजार पुगेको अनुमान गरिएको सांसद ली सेओङ-क्वेनले जासुसी एजेन्सीबाट ब्रिफिङ पाएपछि पत्रकारहरूलाई बताउनुभयो ।

दक्षिण कोरिया र पश्चिमी गुप्तचर निकायहरूले उत्तर कोरियाले सन् २०२४ मा १० हजारभन्दा बढी सैनिक रुसमा पठाएको जनाएका छन् । ती सैनिकहरू मुख्यतया कुर्स्क क्षेत्रमा तैनाथ गरिएका थिए । त्यहाँ उनीहरूले तोपगोला, क्षेप्यास्त्र र लामो दूरीका रकेट प्रणाली प्रयोग गरेका थिए । सांसद लीका अनुसार प्योङयाङले थप छ हजार सैनिक तथा इन्जिनियरहरू रुसमा पठाउने योजना बनाएको छ । तीमध्ये करिब एक हजार हालसालै आइपुगेको एनआइएसले विश्वास गरेको छ ।

"हालैको छ हजार सैनिकको तेस्रो तैनाथी योजनामध्ये करिब एक हजार लडाकू इन्जिनियरहरू रुसमा प्रवेश गरिसकेका छन् भन्ने अनुमान गरिएको छ", सांसद लीले भन्नुभयो । यस वर्षको सुरुमा, रुसका विदेशमन्त्री सर्गेइ लाभरोभले पनि उत्तर कोरियाले कुर्स्क क्षेत्रमा निर्माणकर्ताहरू र विस्फोटक हटाउने प्राविधिकहरू पठाउने बताउनुभएको थियो ।

उत्तर कोरियाले अप्रिलमा मात्र युक्रेनमा रुसको युद्धलाई समर्थन गर्न सेना पठाएको स्वीकार गरेको थियो र आफ्ना केही सैनिकहरू लडाइँमा मारिएको पुष्टि गरेको थियो । त्यसबेलादेखि नेता किम जोङ उनले रुसतर्फ लडिरहेका सैनिकहरूको परिवारसँग भेट गर्दै उनीहरूको 'असहनीय पीडा' का लागि समवेदना व्यक्त गर्नुभएको थियो । राज्य सञ्चालित मिडियाले किमले फर्केका सिपाहीलाई अँगालेको र ती सैनिकहरू भावनामा अभिभूत हुँदै नेताको छातीमा टेकेर रोइरहेको तस्बिरसमेत प्रकाशित गरेको छ ।

त्यसैगरी, एक शहीद सैनिकको तस्बिर अगाडि घुँडा टेकेर श्रद्धाञ्जलि अर्पण गर्दै मृतकको तस्बिरसँगै पदक र फूलहरू राखिएको दृश्य पनि सार्वजनिक गरिएको छ । रुस र उत्तर कोरियाले गत वर्ष रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको उत्तर कोरियाली दुर्लभ भ्रमणको क्रममा आपसी रक्षा खण्डसहित सैन्य सहयोग सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो ।

# पूर्ण स्वायत्तता र अधिकार सम्पन्न नभएकाले प्रदेशले चाहेर पनि धेरै काम गर्न सकिरहेको छैन : मन्त्री लेखी




**दैनिक समाचारदाता**
**राजविराज, १७ भदौ ।**

जनकपुरधाममा मंगलबार "स्थानीय सरकारको लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण नीतिबारे संवाद कार्यक्रम" सम्पन्न भएको छ ।

वुमन एक्ट नेपाल र नेपाल नगरपालिका संघको संयुक्त आयोजनामा आयोजित कार्यक्रमको उद्घाटन गर्दै मधेस प्रदेश सरकारका प्रवक्ता एवम् गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले नेपालको संविधानले समानता, समावेशीकरण र अधिकार सुनिश्चितताको ग्यारेन्टी गरे पनि व्यवहारमा अझै धेरै व्यवस्थाहरू लागू हुन नसकेको भन्दै चिन्ता व्यक्त गरे ।

मन्त्री लेखीले भने- "संविधानमा उल्लेख भएका कतिपय व्यवस्थाहरू हामीले अझैसम्म व्यवहारमा उतार्न सकेका छैनौं । तीनै तहको सरकारलाई अधिकार दिए पनि स्वायत्त इलाका र स्वायत्त क्षेत्रको परिकल्पना आजसम्म कार्यान्वयन हुन सकेको छैन । स्थानीय सरकार सबैभन्दा बढी समावेशी रुपमा अगाडि बढेको देखिन्छ, तर पूर्ण स्वायत्तता र अधिकार सम्पन्न नभएकाले प्रदेशले चाहेर पनि धेरै काम गर्न सकिरहेको छैन ।"

उनले थपे- संविधानले प्रदान गरेका अधिकारबाट दलित, मुस्लिम, आदिवासी, जनजाति, महिला लगायतका पछाडि परेका समुदाय अझै वञ्चित रहनु दुःखद भएको र यसबारे प्रदेश सरकारले गम्भीर ध्यान दिएको बताए ।

कार्यक्रममा संविधानविद् काशीराज दाहाल, नगरपालिका संघका प्रतिनिधिहरू, महिला अधिकारकर्मी, अपाङ्गता अधिकारकर्मी, दलित, मुस्लिम तथा आदिवासी जनजाति समुदायका सरोकारवालाले नीति आवश्यकताको औचित्य र यसको कार्यान्वयनका चुनौतीबारे विचार राखे । सहभागिहरूले संविधानमा सुनिश्चित भएका प्रावधानलाई प्रभावकारी रूपमा लागू गर्न स्थानीय सरकारलाई नीतिगत र संरचनागत स्तरमा थप सशक्त बनाउनुपर्नेमा जोड दिए ।

संवाद कार्यक्रममा नीतिको मस्यौदा प्रस्तुत गरिएको थियो । त्यसपछि सरोकारवालाको धारणा संकलन, समूहगत छलफल र विषयगत बहसमार्फत नीतिको कार्यान्वयनका चुनौती, सम्भावना र रणनीतिबारे गहन छलफल गरिएको थियो ।

आयोजक संस्था वुमन एक्ट नेपालकी अध्यक्ष एवम् कार्यक्रम संयोजक सृजना अधिकारीले नीति स्थानीय सरकारको नीतिगत दस्तावेजमा लैङ्गिक समानता, अपाङ्गता अधिकार र सामाजिक समावेशीकरणलाई समाहित गर्न महत्त्वपूर्ण आधार बन्ने विश्वास व्यक्त गरिन् । उनले यसले पछाडि परेका वर्गलाई अधिकार सुनिश्चिततासहित नीतिगत सुरक्षा दिने र स्थानीय तहलाई समावेशी शासन प्रणालीतर्फ लैजाने अपेक्षा राखिन् ।

# चाडबाड लक्षित सहुलियत पसल भदौ ३० गतेदेखि

काठमाडौँ, १७ भदौ (रासस) ।

आसन्न चाडपर्व लक्षित गरी भदौ ३० गतेदेखि सहुलियत मूल्य पसल सञ्चालन गरिने भएको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको भदौ ८ गतेको निर्णयानुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत सुपथ मूल्य पसल सञ्चालन गरिने भएका हुन् ।

आम उपभोक्ताको हितलाई ध्यानमा राखी अत्यावश्यक खाद्य तथा उपभोग्य वस्तु सहुलियत मूल्यमा उपलब्ध गराउन चाडबाड अवधिभर यस्ता पसल सञ्चालनमा ल्याउन लागिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयको आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखा प्रमुख शिवराम पोखरेलका अनुसार सहुलियत मूल्य पसल सञ्चालनका लागि खाद्य व्यवस्था कम्पनी र साल्ट ट्रेडिङलाई परिपत्र भइसकेको छ ।

खाद्य व्यवस्था कम्पनीले सञ्चालन गर्ने सहुलियत मूल्य पसलमा सबै किसिमको चामल तथा दाल, गहुँ, चिनी र गेडागुडीमा प्रतिकिलो रु पाँच छुट हुनेछ । त्यसैगरी चिउरा, आटा, पिठो, मैदामा प्रतिकिलो रु सात छुट पाइनेछ । खानेतेलमा पनि प्रतिलिटर रु सात छुट दिइने जनाइएको छ । कर्णालीका रैथाने उत्पादनहरू जुम्ली मार्सी चामल, कागुनो, चिनो, सिमी, उवा र तितेफापरमा प्रतिकिलो रु १० छुट हुनेछ । जिरा, धनिया, चियापत्ती र जिउँदो खसी बोका तथा च्याङ्ग्राको मूल्यमा प्रतिकिलो रु १० छुट पाइनेछ । खाद्य व्यवस्था कम्पनीले विभिन्न ४६ वटा जिल्लामा सहुलियत मूल्य पसल सञ्चालन गर्नेछ ।

साल्ट ट्रेडिङ कर्पोरेसनले काठमाडौं उपत्यकामा तीनवटा घुम्ती पसलसहित १५ स्थानमा सहुलियत मूल्य पसल सञ्चालन गर्नेछ । उपत्यकाबाहेक विभिन्न जिल्लामा साल्ट ट्रेडिङले सहुलियत सुविधा उपलब्ध गराउनेछ । साल्ट ट्रेडिङले नुनमा प्रतिकिलो रु दुई, चिनीमा प्रतिकिलो रु पाँच, तेलमा प्रतिलिटर रु सात र चिउरा, दाल, पिठो तथा मैदामा प्रतिकिलो समान रु सात छुट दिनेछ ।

यस्ता पसलबाट बजार मूल्य नियन्त्रण र गुणस्तरीयता कायम गरी सरल, सहज र सर्वसुलभ रूपमा उपलब्ध गराउने उद्देश्य सरकारले राखेको छ । चाडबाडका समयमा उपभोक्ता बजारमा निजी क्षेत्रको एकाधिकार हुन नदिन भन्दै सरकारले हरेक वर्ष सहुलियत मूल्य पसल सञ्चालन गर्दै आएको छ ।

# 'लोक सेवा पहुँच कार्यक्रम' देशका सातै प्रदेशमा

कर्णाली, १७ भदौ (रासस) ।

लोक सेवा आयोगले देशका सातै प्रदेशमा 'लोक सेवा पहुँच कार्यक्रम' सञ्चालन गरेको छ ।

आयोग स्थापनाको ७५औँ वर्षका अवसरमा प्रदेश, स्थानीय तह र विश्वविद्यालयहरूको समन्वय तथा सहकार्यमा देशका सातै प्रदेशमा 'लोक सेवा पहुँच कार्यक्रम' सञ्चालन गरेको लोक सेवा आयोग सुर्खेत कार्यालयका प्रमुख रुद्रबहादुर कार्कीले जानकारी दिनुभयो ।

आयोगको कार्यतालिकाअनुसार सोमबार कोशी र लुम्बिनी प्रदेशमा कार्यक्रम सम्पन्न गरिएको जनाउँदै कार्यालय प्रमुख कार्कीले भोलि भदौ १८ गते कर्णाली र मधेस, २० गते गण्डकी र सुदूरपश्चिम, २७ गते बागमती प्रदेशमा उक्त कार्यक्रम सम्पन्न गरिने बताउनुभयो । कर्णालीमा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीसहितको सहभागिता हुने उहाँको भनाइ छ ।

"समाजमा अहिले पनि ठूलो सङ्ख्यामा युवा विद्यार्थी तथा सर्वसाधारण नागरिकले आयोगको निष्पक्ष परीक्षा प्रणाली, उम्मेदवार छनोट प्रक्रिया, तयारी विधि र पारदर्शी चयन पद्धतिबारे पर्याप्त जानकारी छैन", उहाँले भन्नुभयो, "अर्कोतर्फ आयोगमा पनि भनसुन हुन्छ भन्ने बुझाइको चिरफार गर्ने हेतुले आयोगले यो कार्यक्रम तय गरेको हो ।"

कर्णालीका १० जिल्लाबाट १० का दरले ६० जना, १२ जना विश्वविद्यालय, १० पत्रकारसहित करिब एक सय जनाको सहभागिता हुने कार्यालय प्रमुख कार्कीले बताउनुभयो । पहिलोपटक सार्वजनिक रूपमा गर्न थालिएको सो कार्यक्रमबाट युवा विद्यार्थीलाई सार्वजनिक सेवाप्रति आकर्षण र विश्वास बढाउन सकिने आयोगको अपेक्षा छ ।

# 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ माथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत

काठमाडौँ, १७ भदौ (रासस) ।

प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ माथि विचार गरियोस्' भन्ने प्रस्ताव राष्ट्रियसभाको बहुमतले स्वीकृत गरेको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ माथि विचार गरियोस्' भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभएको थियो ।

बैठकमा सदस्यहरूले उठाउनुभएको विषयको जवाफ दिनुहुँदै मन्त्री अधिकारीले जग्गा व्यवस्थापनका लागि प्रत्येक वडा, पालिकामा त्यहाँ क्रियाशील सबै दलका प्रतिनिधि रहेको सर्वदलीय समितिले पारित गरेर गरिने भएकाले कुनै बदमासी नगरी सही रूपमा काम हुने प्रतिबद्धता जनाउनुभयो । जग्गा कमाइ आएको छ तर उसका नाममा देशभर कतै जग्गा नभएका अव्यवस्थित बसोबासीलाई त्यही जग्गा दिने, त्यो जग्गामा कुनै पनि खालका जोखिम अन्यत्र व्यवस्थित गरिने मन्त्रीको अधिकारीको प्रतिबद्धता थियो ।

बैठकमा सदस्यहरू गोपीबहादुर सार्की अछामी, घनश्याम रिजाल, किरणबाबु श्रेष्ठ, इन्दिरादेवी गौतम, मोहम्मद खालिद, जगप्रसाद शर्मा, नारायणदत्त मिश्र, मदनकुमारी शाही (गरिमा), गोपाल भट्टराई, भुवनबहादुर सुनार, पदमबहादुर परियार, राधेश्याम पासवान, विष्णुकुमारी सापकोटा, पूजा चौधरी, कृष्णप्रसाद अधिकारी, विष्णुबहादुर विश्वकर्मालगायतले प्रस्तावमाथि विचार राख्दै कृषि, उद्यम गर्न राखिएका जग्गालाई प्लटिङ गर्न खोजेको भन्ने विषयलाई प्रष्ट पारिनुपर्नेमा जोड दिनुभएको थियो ।

भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबास गरिरहेकालाई बसोबासका लागि जग्गाको व्यवस्था गरिनुपर्ने, केही विवाद भएको विषय अझै मिलाउन बाँकी रहेको, अव्यवस्थित बसोबासी बसेको जमिन सुरक्षित नरहेको, भू-माफिया र दलालका लागि पो यो विधेयक ल्याइएको हो कि भन्ने चर्चा बाहिर भइरहेकाले यसलाई मन्त्रीले प्रष्ट पारिनुपर्नेमा सदस्यहरूले जोड दिनुभएको थियो । विधेयकबाट सरकारी, सार्वजनिक र गुठी जग्गा धेरै अपचलन हुने देखिएकाले पुनर्लेखन गर्नुपर्नेमा पनि केही सदस्यहरूले जोड दिनुभएको थियो ।

बैठकमा विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले 'सङ्घीय निजामती सेवा विधेयक, २०८० सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन' राष्ट्रियसभासमक्ष पेस गर्नुभएको थियो । प्रतिवेदन पेस गर्नुहुँदै उहाँले निजामती कर्मचारीले अवकाश पाएको दुई वर्षसम्म अन्यत्र कतै कामका लागि नियुक्ति नपाउने गरी व्यवस्था गरिएको जानकारी दिनुभयो ।

### मधेश प्रदेशबाट ...

लोकतान्त्रिक मोर्चाको जनजागरण अभियान कार्यक्रममा सहभागि हुन आईपुगेका अध्यक्ष ठाकुरले विगतमा भएको आन्दोलनबाट पहिचान पाएको तर अधिकार नपाएकोले पुनः मोर्चा बनाएर जनताबीच गईरहेको स्पष्ट पारे ।

पत्रकार सम्मेलनमा लोसपाका वरिष्ठ उपाध्यक्ष जयप्रकाश ठाकुर, जिल्ला अध्यक्ष सुनिल झा सहित पार्टीका नेता कार्यकर्ताहरुको उपस्थिति थियो ।






**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*